श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

जि.का. बर्दियाका प्र.जि.अ. श्री ईश्वरनारायण पाण्डे घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बुद्धिसागर त्रिपाठीलाई मिति २०४१।७।२४ देखि कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना २

जि. का. गोरखाका प्र. जि. अ. श्री चन्द्रप्रकाश उपाध्याय घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ.पदमा नि.से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री शरदकान्त अधिकारीलाई मिति २०४१।८।६ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

कोशी अञ्चल, संखुवासभा जिल्लाबाट राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित माननीय श्री गोविन्दमानसिंह अधिकारीको मिति २०४१।९।८ का दिन हवाई जहाज दुर्घटनामा परी देहावसान भएकोले राष्ट्रिय पञ्चायतको सदस्यको स्थान एक रिक्त भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

६६८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।